नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २९१ २०८० साल असार १४ गते बिहीबार (29 June 2023 Thursday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : असार १४ को वृक्षारोपण दिवसको. ३ पृष्ठमा : ललिता निवास जग्गा प्रकरणका ... ३ पृष्ठमा :तीनवटा अष्ट्रेलियाली...

# भुक्तानी नपाएपछि तथ्यहिन कुरा जोडेर समाचार सम्प्रेशन गर्ने कार्यप्रति महासंघको ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरी 'मिडिया'को नाममा जथाभावी बिल पेश गर्ने र भुक्तानी नपाएपछि तथ्यहिन कुरा जोडेर समाचार सम्प्रेशन गर्ने कार्यप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

सभापति श्रवणकुमार देव र सचिव रामनारायण विश्वासद्वारा बुधबार जारि विज्ञप्तिमा जिल्लाका पालिका तथा सरकारी कार्यालयहरुबाट भुक्तानी नपाएपछि युट्युवसहितका सामाजिक सञ्जालमा समाचार प्रकाशन/प्रशारण भइरहेको कार्यप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको हो ।

विज्ञप्तिमा भनिएको छ, "सप्तरीको पत्रकारिता क्षेत्र इमान्दारीपूर्वक आफ्नो भूमिका निर्वाह गरिरहेको अवस्थामा केहि युट्युव र अनलाइनमा काम गर्ने व्यक्तिले समग्र पत्रकारिता क्षेत्र बदनाम गराउने दुस्साहस गरेको अवस्था छ । बिल दिएर भुक्तानी माग्ने र नपाएपछि आधारहिन कुरा जोडेर भिडियो बनाउने, सामाजिक संजालमा लेख्ने कार्य भइरहेको प्रमाणसहित कतिपय कार्यालयले पत्रकार महासंघलाई उपलब्ध गराएको छ । पत्रकारिता गर्दै नगर्ने, अनि भिडियो मात्रै खिचेर सामाजिक सञ्जालमा पोष्ट गर्ने व्यक्ति 'पत्रकार'को परिभाषाभित्र नपर्ने गरेको सबैलाई जानकारी नै छ । फेसबुक, युट्युव, टिकटकसहितका सामाजिक सञ्जाल सञ्चारमाध्यम(मिडिया) नभएको पनि सबैमा अवगत भएकै विषय हो ।"

विज्ञप्तिमा "यस्ता काममा संलग्न जो कोहिलाई पनि सचेत हुन आग्रह गर्दै यसपछि पनि यस्ता कार्य दोहरियो भने त्यस्ता दोषी ब्यक्तिमाथि कार्वाही गराउन पत्रकार महासंघ सप्तरी शाखा अग्रसर हुने जानकारीसमेत यसै प्रेस विज्ञप्ती माफर्त सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।" भनिएको छ ।

यस्तै विज्ञप्तिमा सप्तरीका पालिका तथा सरकारी कार्यालयहरुलाई पत्रकार महासंघले यसअघि नै

*बाँकी अन्तिम पृष्ठमा*

# सबै स्थानीय तहमा स्वास्थ्य बीमा बिस्तार गर्न निर्देशन

काठमाडौं, १३ असार (रासस) ।

दिगो विकास तथा सुशासन समितिले स्वास्थ्य बीमा कार्यक्रम सबै स्थानीय तहमा पुऱ्याउन निर्देशन दिएको छ । समितिको बुधबार बसेको बैठकमा समिति सभापति प्रकाश पन्थले कार्यक्रम कार्यान्वयनमा देखिएका नीतिगत र व्यवस्थापकीय समस्या समाधान गर्दै पहुँच बिस्तार गर्न निर्देशन दिनुभयो ।

उहाँले गुणस्तरीय स्वास्थ्य सेवा, औषधि आपूर्ति, उपचार प्रक्रिया सरल बनाइ दक्ष जनशक्तिको व्यवस्थापन गर्न समेत निर्देशन दिनुभयो । समितिले सुर्तिजन्य पदार्थमा लगाउने कर वृद्धि गरी त्यसबाट सङ्कलित रकम स्वास्थ्य उपचार र जनस्वास्थ्य सेवाका कार्यक्रममा खर्च गर्ने व्यवस्था गर्न निर्देशन दिइएको छ ।

बैठकमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य बीमा कार्यक्रममा सुधार गर्न आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "स्वास्थ्य बीमा कार्यक्रम चुस्तदुरुस्त बनाउन नसकेको स्वीकार गर्छौं । कमीकमजोरीलाई चाँडोभन्दा चाँडो सुधार गरी प्रभावकारी कार्यान्वयन गर्नेछौं ।"

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले स्वास्थ्य बीमाको दुरुपयोग रोक्न र बीमितको स्वामित्व बढाउनुपर्नेमा जोड दिनुभयो । "बीमित आफैले बीमा रकमका लागि चिकित्सकसँग सिफारिस माग्दा दुरुपयोग बढेको छ", उहाँले भन्नुभयो, "बीमितले पनि स्वामित्व ग्रहण गर्ने गरी संयुक्त भुक्तानीको व्यवस्था गर्न आवश्यक देखिन्छ ।"

स्वास्थ्य बीमा बोर्डका निर्देशक डा दामोदार बसौलाले कर्मचारीको अभावका कारण बोर्डको काम प्रभावित भएको बताउनुभयो । उहाँले बीमितका लागि प्रथम सेवा बिन्दु तोक्न नसक्दा विशिष्टकृत सेवा अस्पतालमा भीडभाड बढेको बताउनुभयो ।

उहाँले ४०७ स्थानीय तहमा सेवा प्रदायक संस्था नहुँदा पनि बीमा प्रभावकारी बन्न नसकेको गुनासो गर्नुभयो । बैठकमा समितिले स्वास्थ्य बीमामा दोहोरोपन, औषधि अभाव, सेवा प्रवाह चुस्त नभएको र यसप्रति घट्दो आर्कषणबारे मन्त्रालय र बोर्डसँग जवाफ

*बाँकी अन्तिम पृष्ठमा*

# दुर्घटनामा बाबु छोरा घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १३ असार ।**

सप्तरीको सप्तकोशी नगरपालिका ११ भगनीमा विंगरले मोटरसाइकललाई पछाडीबाट ठक्कर दिँदा मोटरसाइकल चालक र उनका ३ वर्षिय छोरा गम्भिर घाइते भएका छन् ।

कंचनपुर फत्तेपुर सडक खण्डमा मंगलबार कंचनपुरबाट फत्तेपुरतर्फ आउदै गरेको प्र.१-०२-००१ज.३९७२ नं. को विङगरले सोहि दिशातर्फ जादै गरेको बा.५५ प. ६८३३ नं. को मोटरसाइकललाई ठक्कर दिएको हो ।

ठक्करबाट मोटरसाइकल चालक स्थानिय ३८ का किशोर खड्काको टाउको र शरिरको बिभिन्न भागमा चोट तथा पछाडी सवार उनका ३ वर्षिय छोरा रोमस खड्काको शरिरको बिभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ ।

घाइते भएका दुबै जनालाई न्युरो अस्पताल बिराटनगरतर्फ पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । प्रहरीले विङगर, विङगर चालक स्थानिय फतेपुर निवासी ३५ वर्षिय दिपक लेखीलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजश्व विभाग**
**करदाता सेवा कार्यालय राजविराज**

## बक्यौता कर रकम दाखिला गर्ने जरुरी सुचना

**सूचना प्रकाशन मिति:-२०८०/०३/१२**

यस कार्यालय अन्तर्गत दर्ता रहेको तपशिल बमोजिमका करदाताहरुलाई कर बक्यौता दाखिला गर्न विभिन्न मितिमा पत्राचार, फोन सम्पर्क गरिसकेकोमा त्यस्ता करदाताहरुबाट हाल सम्म पनि बक्यौता रकम दाखिला गरेको नदेखिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र बक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरेको भए सोको प्रमाण पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा आयकर ऐन २०५८ को दफा १०४ देखि १११ सम्मको तथा मु.अ.कर ऐन २०५२ को दफा २१ (१) बमोजिम कुनै वा सबै प्रावधानको हदैसम्मको प्रक्रिया अपनाई बक्यौता कर रकम असुल उपर गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| क्र.सं. | करदाताको नाम | स्थायी लेखा नम्बर | ठेगाना | प्रोपाईटर (सञ्चालकको नाम) | बक्यौताको प्रकार |
|---|---|---|---|---|---|
| १. | जय मां बेष्णोदेवी कोल्ड सेन्टर | ३०१७२९२९९ | राजबिराज न.पा. ६ | उपेन्द्र प्रसाद साह | मू.अ.कर, आयकर |
| २. | शिवम ट्रेडर्स | ६०७४१५७७१ | राजबिराज न.पा. १३ | सन्जु कुमारी देवी | मू.अ.कर |
| ३. | सुपर ईटा उद्योग | ६००४७३९४९ | सुरुङ्गा न.पा. ५ | मो. अलाउद्दिन | मू.अ.कर |
| ४. | आप्रावासी कामदार हकहित संरक्षण केन्द्र | ६१३०२००९३ | राजबिराज न.पा. ७ | जितेन्द्र प्रसाद सिन्हा | मू.अ.कर |
| ५. | मिलन जेनरल स्टोर | ३००२६७२७१ | राजबिराज न.पा. ७ | महम्मद रफिक मियाँ | मू.अ.कर |
| ६. | सत्यनाम ईटा उद्योग | ६०७५०३४४७ | खडक न.पा. १ | नारायण साह तेली | मू.अ.कर |
| ७. | दिलीप एण्ड ब्रदर्श | ३००१३४८४९ | सुरुङ्गा न.पा. ४ | सचिन कुमार दास | मू.अ.कर |
| ८. | श्याम बाबा ईन्टरप्राईजेज | ६०५२०६९०४ | खडक न.पा. ७ | लिलि कुमारी अग्रवाल | मू.अ.कर |
| ९. | जे.पि. ट्रेडर्स एण्ड सप्लायर्स | ३०४३३७३८३ | तिरहुत गा.पा. १ | जय प्रकाश यादव | मू.अ.कर |
| १०. | गिता आयल ट्रेड | ३०३७९३२४३ | राजबिराज न.पा. ९ | नितु सिंह | मू.अ.कर |
| ११. | विद्यार्थी ट्रेडर्स | ३०३९१५१२२ | राजबिराज न.पा. ७ | सगिर अन्सारी | मू.अ.कर |
| १२. | कुवेर ट्रेडर्स | ३०३९१९०५० | राजबिराज न.पा. ७ | श्याम कुमार साह | मू.अ.कर |
| १३. | ससरी मदिरा पसल | ३०३५०३४०४ | राजबिराज न.पा. ८ | कमल प्रसाद साह | मू.अ.कर, आयकर |
| १४. | धन लक्ष्मी निर्माण सेवा | ६०७५०३४४७ | महादेवा गा.पा. ३ | रमेश कुमार यादव | मू.अ.कर |
| १५. | के के मोटर पार्टस एण्ड सेन्टर | ६०२५४६६८१ | राजबिराज न.पा. ८ | मो. फिरोज | मू.अ.कर |
| १६. | अधिकारी आयल स्टोर | ३००१३४८२३ | महादेवा गा.पा. ८ | कारी अधिकारी | मू.अ.कर |
| १७. | अवतार ईन्टरप्राईजेज | ३०४३३०७२६ | सुरुङ्गा न.पा. ४ | जसविन्दर कौर | मू.अ.कर, आयकर |
| १८. | रितिशा ट्रेडर्स एण्ड सप्लायर्स | ३०४३३४५२२ | अग्नीसाईर कृष्णासरवन गा.पा. | तेजनारायण यादव | मू.अ.कर, आयकर |
| १९. | सगरमाथा ट्रेडिङ्ग एण्ड मार्केटिङ्ग | ३०१६०१३७३ | राजबिराज न.पा. | मनोज कुमार सिंह | मू.अ.कर |
| २०. | कमल सप्लायर्स | ३०५४१४३१३ | राजबिराज न.पा. | रिया राय | मू.अ.कर |

## सम्पादकीय

### हुलाक अब्बल बन्दै

विगतमा खस्किदै गरेको आफ्नो साखलाई हुलाक कार्यालयले जोगाउन सफल बन्दै गएको छ। हुलाकले विगतमा आफ्नो कामप्रति खासै चासो नदेखाएको खण्डमा अहिलेको समयमै चिठीपत्र व्यवस्थित ढंगले पुऱ्याउने काममा अब्बल बन्दै गएको हो। निजी क्षेत्रको तुलनमा हुलाकले विगतमा प्रतिस्पर्धा गर्न नसकेको अवस्थामा आफ्नो प्रतिस्पर्धालाई बलियो बनाएको छ। यसले अबको समयमा निजि क्षेत्रका कुरियर कम्पनीले सरकारी कुरियर अर्थात हुलाकसँग प्रतिस्पर्धा गर्न हम्मे हम्मे पर्ने अवस्था आएको छ।

एक तथ्याङ्क अनुसार निजि कम्पनीको बजारीकरण खस्किदै गएको छ भने हुलाक सरकारी कुरियर माध्यम भएकोले समयमा चिठ्ठिपत्र पुगाउने नपुगे सोही ठेगानामा पुन: फर्काउने कार्यमा भरपर्दो रहेको छ। र प्राय सरकारी चिठ्ठीपत्र हुलाकबाट नै पठाउनाले यसको मान्यता र विश्वासनियता कायम गर्न सफल भएकोले राजस्वमा बृद्धि गरेको पाइन्छ।

तसर्थ हुलाक कार्यालयले आमजनता माफ एउटा विश्वासीलो कुरियरको काम गर्नसक्छ भन्ने जनविश्वास दिलाउन सक्दो प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ भने जनताले पनि यसलाई विश्वास गर्न सक्नुपर्छ।

# असार १४ को वृक्षारोपण दिवसको सान्दर्भिकता र हाम्रो दायित्व



राजेश झा



नेपाल प्राकृतिक स्रोतको हिसाबले धनी राष्ट्र हो। वन सम्पदा प्राकृतिक स्रोतमध्येको एक हो। देशका विभिन्न भू-उपयोग प्रणालीमध्ये सबैभन्दा बढी क्षेत्रफल वनले नै ओगटेको छ। कृषिप्रधान देश नेपालका झन्डै दुई तिहाइ जनता कृषिमै निर्भर छन्। वन क्षेत्र कृषि क्षेत्रको मेरुदण्डकोरूपमा रहेको छ।

नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भको रूपमा वन रहेको छ। देशको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रको विकासमा वनको अहम् भूमिका छ र यसले अझै धेरै सम्भावना बोकेको छ। वन क्षेत्रको विकासको लागि नेपाल सरकारले विभिन्न कार्यक्रमहरु समेत ल्याएको छ। वन क्षेत्रको विकास तथा संरक्षण र सम्बर्द्धनको लागि सामुदायिक वनको अवधारणा समेत ल्याएको छ। सामुदायिक वनहरुले समेत देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिएको छ।

नेपालको संविधानको धारा ३० ले हरेक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। साथै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीतितर्फ वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम गर्ने, प्राकृतिक स्रोत साधनलाई राष्ट्रिय हित अनुकूल तथा अन्तर पुस्ता समन्यायको सिद्धान्त अनुसार दिगो रूपमा उपयोग गर्दै प्राप्त लाभको समन्यायिक वितरण गर्ने नीति रहेको छ। संविधानको अनुसूची ५ देखि ९ सम्म वन तथा वातावरण संरक्षणको जिम्मेवारी सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय तहको रहेको छ।

सरकारले वन विकासको लागि विभिन्न ऐन, कानुनहरु समेत कार्यान्वयन गरेको छ।वन ऐन २०४९, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, वातावरण संरक्षण ऐन २०५३ र नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धि सम्झौताहरू समेत गरेको अवस्था छ। जैविक विविधता महासन्धि लगायतका सन्धि सम्झौताले वन र वातावरण संरक्षणका लागि स्वस्थानिय र परस्थानिय रूपमा वनस्पतिको संरक्षण गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ। साथै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुखहरू कटान गर्दा एउटा रुख काट्दा २५ वटाको दरले वृक्षारोपण गरी उक्त बिरुवाहरूलाई ५ वर्षसम्म स्याहार सम्भार गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्ने कानुनी प्रावधान रहेता पनि यस प्रकारको वृक्षारोपणको सफलता निकै कम रहेको छ।

वन क्षेत्रको विकासको लागि ऐनहरुको प्रभावकारी कार्यान्वयनको अभावका रहेको देखिन्छ। सघन रुपमा वृक्षारोपण गर्न नेपाल सरकारले विभिन्न कार्यक्रमहरु समेत ल्याएको छ। विभिन्न सन्दर्भ तथा दिवसको अवसरमा वृक्षारोपण गर्ने गरिएको पनि ब्यापक रुपमा भने गरिएको देखिदैन।

वृक्षारोपण कार्यको प्रचारप्रसार एवं जनमानसमा सकारात्मक प्रभाव परी वनको अभिवृद्धि होस् भन्ने हेतुले वन महोत्सव एवं राष्ट्रिय वृक्षरोपण दिवस मनाउन थालिएको हो। त्यसयता यस अवसरमा वृक्षरोपणलगायतका कार्यक्रम सञ्चालन हुँदै आएका छन्। २०२५ साल असारमा काभ्रे जिल्लाको पाँचखालको वन क्षेत्रमा वृक्षारोपण गरी देशमा वन महोत्सवको सुरुवात भएको थियो। त्यसपछि सो कार्यले विभिन्न विशेष दिनमा निरन्तरता पाइरह्यो। विभिन्न समयमा वृक्षारोपण कार्यले निरन्तरता पाएको राष्ट्रिय तथ्यांकहरुले देखाउँछ। २०७५ सालबाट असार १४ गतेलाई राष्ट्रिय वृक्षारोपण दिवसको रूपमा मनाउन थालिएको छ। वन कार्यालयमार्फत बर्षौंदेखि देशका सबै जिल्लाका वन नर्सरीबाट बर्सेनि लाखौँको संख्यामा बिरुवा नि:शुल्क रूपमा वितरण भई सरकारी तथा निजी जग्गामा वृक्षारोपण भएको छ। जसले गर्दा वन पैदावार मागको आपूर्तिमा केही हदसम्म टेवा पुगेको देखिन्छ।

वन मानवलाई मात्र नभई पशुपंक्षीलाई समेतको आवश्यकता हो। मानिसलाई श्वास फेर्न प्रतिदिन साढे १७ केजी अक्सिजनको आवश्यकता पर्छ जुन ७ वटा रुखहरूले प्रति रुख अढाई केजी अक्सिजन दिएर पुर्ति गरिरहेको छ। रुखहरूबाट हामीले गाँस, वास र कपासको आवश्यकता परिपूर्ति गर्छौं। गाँस प्राप्त हुने १ हेक्टर कृषि क्षेत्रका लागि झन्डै २ हेक्टर रुखहरू भएको वनको आवश्यकता पर्छ जसले कृषिका लागि चाहिने पोषक तत्व फस्फोरस, पोटास, नाइट्रोजन आदिको पुर्ति गर्छ।जल चक्रको नियमनको लागि पनि वन अति आवश्यक कुरा हो। रुखहरूले वर्षातको पानीलाई आफ्नो हाँगा, काण्ड हुँदै जमिन मुनि पानीको भण्डारण गरी मूलको रूपमा पानी बाहिर आउन सहयोग गर्दछन्। यसले प्राकृतिक प्रकोप न्यूनीकरणमा समेत सहयोग पुऱ्याएको छ। वृक्षारोपण कार्यले जमिनको माटो अँठ्याई राख्ने र परेको पानीको गतिलाई कम गरी पानी जमिनमुनि जान सहयोग गरेर भूक्षय कम गर्नुका साथै रुखहरू भएको स्थानमा चिस्यान कायम हुन गई खडेरी कम गर्न समेत सहयोग गर्छ।

वन क्षेत्रको विकास, संरक्षण तथा सम्बर्द्धन गर्नु स्थानीय तहको अधिकार भएपनि यसतर्फ स्थानीय तहहरुको खासै ध्यान जान सकेको छैन। वनबाट हामीले धेरै सहयोग पाएपनि सघन वृक्षारोपणप्रति आकर्षण देखिदैन।

वृक्षारोपण क्यालेन्डर अनुसार वृक्षारोपण कार्य सञ्चालन नगरिनु, बिरुवा उत्पादन गर्न आवश्यक पर्ने वन वगैचाबाट बिउ संकलन नगरिनु, उच्च प्रविधियुक्त नर्सरीको अभाव एवं बहुवर्षीय बिरुवाको वृक्षारोपणमा कमी, वृक्षारोपण गरिने क्षेत्रको छनोट गर्दा माटो परीक्षण लगायत प्राविधिक पक्षको आँकलन नगरिनु, वृक्षारोपण क्षेत्रको उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु तथा वृक्षारोपण अनुगमन एवं तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्न नसक्नु जस्ता चुनौतिहरु पनि देखिएको विज्ञहरुको कथन छ।

वृक्षारोपण कार्यलाई सफल पार्ने उपायहरु अवलम्बन नगरिनुले नै वन क्षेत्रको विकास तथा संरक्षण सम्बर्द्धनमा समस्या देखिएको हो। वृक्षारोपण क्यालेण्डर अनुसार श्रावण महिनादेखि नै नर्सरी सम्बन्धी बिउ संकलन, नर्सरी मर्मत लगायतका कार्यहरू समयमा नै सञ्चालन गर्नु पर्ने, बिउ गुनाको फल भनेझैँ वन बिउ वगैचाबाट स्वस्थ बिउ तथा कटिङ्ग सङ्कलन गरी बेर्नाहरू उमार्नु पर्ने वन प्राविधिकहरुको सुझाव रहेको छ।बिरुवा रोपण पश्चात् कम्तीमा ३ वर्षसम्म हेरालु सहित घेरवारको व्यवस्था गर्नु पर्ने र मरेको स्थानमा पुन: रोपण गर्नुपर्ने, वृक्षारोपण कार्यका लागि भरपर्दो संस्थागत संरचना र क्षमता विकास पनि गरिनु पर्ने र वृक्षारोपण क्षेत्रको नियमित अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरिनुपर्ने आवश्यकतालाई ध्यानमा राख्न सके वृक्षारोपण सफल हुने वन विज्ञहरुको कथन छ।सरकारी स्तरबाट गरिने वृक्षारोपणको संरक्षण र व्यवस्थापन कार्यमा अपेक्षाकृत ध्यान पुग्न सकेको छैन। यसका लागि सबै सरोकारवालाको दिगो र सक्रिय सहभागिता आवश्यकता रहेको छ।

वृक्षरोपण पछि संरक्षण र व्यवस्थापनमा विशेष जोड दिनुका साथै योजनाबद्ध किसिमले प्राविधिकको सल्लाहअनुसार मात्र रुख विरुवा रोप्ने काम गर्न जरुरी छ। अत: असार १४ गतेको यो महत्वपूर्ण दिवसमा हामी सबैले कम्तीमा दुई विरुवा रोपी हुर्काउने प्रतिबद्धता गरी कार्यान्वयन गर्न जरुरी छ। जसबाट वातावरणीय, आर्थिक एवं सामाजिक क्षेत्रमा ठूलो योगदान पुग्ने र देशको समृद्धिमा महत्वपूर्ण इँट्टा थपिनेछ।

वर्षाको समयमा सरकारी तथा निजी खाली एवं अनुपयुक्त प्रजातिका झाडीले ढाकिएका जग्गामा अभियानकै रूपमा वृक्षारोपण गरेमा 'हरियो वन नेपालको धन' भन्ने भनाई सार्थक हुनेछ र देशको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रमा समेत ठूलो टेवा पुग्नेछ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ललिता निवास जग्गा प्रकरणका दोषीलाई कानुनी दायरामा ल्याउन सांसदको माग

काठमाडौं, १३ असार (रासस)।

सांसदहरूले बालुवाटारस्थित ललिता निवास जग्गा प्रकरणका दोषीलाई कानुनी दायरामा ल्याउन माग गरेका छन्। प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा बोल्दै उहाँहरूले ललिता निवास जग्गा प्रकरणका मुख्य दोषीलाई पनि कारबाही गर्न सरकारसंग माग गर्नुभयो।

सांसद राजेन्द्रकुमार केसीले ढिलै भए पनि सरकारले ललित निवास जग्गा प्रकणको फाइल खोलेकामा धन्यवाद दिँदै जग्गा प्रकरणका मुख्य दोषी नउम्किने गरी कानुनी प्रक्रिया अगाडि बढाउन माग गर्नुभयो। उहाँले भन्नुभयो, "ललिता निवास जग्गा प्रकरणमा साना माछा समातिदैछन् त्यसमा संलग्न ठूला माछाहरू समातिन्छन् कि समातिँदैनन् चिन्ता थपिएको छ, त्यसप्रति गम्भीर हुन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउँछु।"

सांसद रामहरि खतिवडाले 'ललिता निवासमा साना माछा ढोक्सामा पर्ने कुरा आएको छ, ठूला माछा पनि ढोक्सामा परून्' भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद भानुभक्त जोशीले सङ्घीय शिक्षा ऐनमा रहेको व्यवस्थाबमोजिम आन्दोलनरत शिक्षकको समस्या सम्बोधन गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मनबहादुर गुरुङले केही दिनअघि परेको अविरल वर्षाका कारण पोखरा वडा २६ स्थित रिट्ठेपानी डाडाँको पश्चिम दक्षिणतर्फबाट पहिराले स्थानीयवासी नरबहादुर, अनिता र दिलबहादु भण्डारीको घर उच्च जोखिममा परेको, घरसँगै जोडिएको धनसार भत्किएको, दुई गाईको बाच्छीको मृत्यु भएको र सयौं रोपनीमा सिँचाइको पक्की कुलोसमेत बगाएकाले पीडितहरूको उचित व्यवस्थापन र क्षतिपूर्तिको माग गर्नुभयो।

सांसद महेशकुमार बर्तौलाले देशभरका तीन सय १३ भन्दा बढी पालिकामा स्वास्थ्य मन्त्रालयमार्फत काज र समायोजनमा खटिएका कर्मचारीले १३ महिनादेखि तलब नपाएको जनाउँदै दुई हजारभन्दा बढी कर्मचारीको अविलम्ब तलब पाउने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद रेखा यादवले माइतीघरमण्डलामा धर्नारत साम्प्रदायिक विद्यालयका कर्मचारीको समस्या अविलम्ब सम्बोधन गर्न सरकारसंग माग गर्नुभयो। सांसद महेश बस्नेतले कानुन विपरीत नक्सापास नगरी भवन बनाउने प्रवृत्ति बढेको जनाउँदै यसलाई नियन्त्रण गर्न माग गर्नुभयो। सांसद माधव सापकोटाले विनियोजन विधेयकको प्रक्रिया सम्पन्न भएलगत्तै सरकारले बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरुपण तथा मेलमिलाप योगको विधेयक टेबुल गरिसकेको भन्दै अर्को अधिवेशन नकुरीकन यो संवेदनशील विषयलाई टुङ्गो लगाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

साथै, सङ्घीय निजामती कर्मचारी सेवा ऐन, सङ्घीय शिक्षक ऐन, सङ्घीय प्रहरी समायोजन ऐनलगायत महत्वपूर्ण विधेयक चालु अधिवेशनबाट सम्पन्न गरी सङ्घीयताको प्रभावकारी कार्यान्वयनको सन्देश दिनेगरी काम गर्न माग गर्नुभयो।

सांसद मानवीर राईले सोलुखुम्बुको सल्लेरीमा किराँती समुदायले चन्दा उठाएर ११ रोपनी जग्गा खरिद गरी किरात सङ्ग्रहालयका लागि क्रमगत योजना र बजेट परेको तर, यो वर्ष बजेट कटौती गरिएको जनाउँदै बजेट व्यवस्था गर्न आग्रह गर्नुभयो। साथै, सल्लेरीबाट खुम्बुसम्म जाने दमार्ग जाने पदमार्गका लागि बजेट विनियोजन गर्न पनि उहाँले माग गर्नुभयो।

सांसद मेनुका कुमारी पोखरेलले बर्खा लागेसँगै किसान खेतीपातीको चटारोमा रहेको र मलखाद नपाएर उनीहरू भौँतारिरहेको जनाउँदै उनीहरूलाई पर्याप्त मलखादको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मैना कार्कीले संविधानमा मौलिक हकका रूपमा व्यवस्था भएको नागरिकले आफ्नै जिल्लामा विशेषज्ञ चिकित्सककाट कहिले स्वास्थ्य सेवा पाउँछन् भनी सरकारसँग प्रश्न गर्नुभयो। सांसद मङ्गलप्रसाद गुप्ताले सङ्घीय निजामती कर्मचारी ऐन नहुँदा सङ्घीयताको कार्यान्वयनमा असर परेको, कर्मचारी व्यवस्थापन नहुँदा सुशासन खस्केको र भ्रष्टाचार र अनियमितता बढेको भन्दै तत्काल उक्त ऐन बनाएर लागू गर्न माग गर्नुभयो।

सांसद रघुजी पन्तले अहिले दैनिकजसो पटक-पटक बिजुली जाने गरेको जनाउँदै उत्पादित विद्युत्‌को खपत र बिक्री वितरणमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो।

सांसद रणकुमारी बलम्पाकी मगरले त्रिपुरेश्वरस्थित विश्व निकेतन स्कुल नजिकै राहदानी विभाग परिसरमार सयौँले खैनी चुरोट खाएर पानीका बोतल जथाभावी फालेको र यसले विद्यालय शान्ति क्षेत्रको अवधारणाको खिल्ली उडाएको जनाउँदै कि त विभागभित्रै लाइन लगाउने या त अनलाइनमार्फत घरघरमा राहदानी पुऱ्याउने व्यवस्था मिलाउनुपर्छ भन्नुभयो।

सांसद रणेन्द्र बराइलीले गायक प्रकाश सपुतलाई गत हप्ता रोमानियामा आयोजित कार्यक्रमकैबीच बोतल प्रहारी गरी घाइते बनाइनु गम्भीर विषय रहेको भन्दै यस्ता गतिविधिमा संलग्न अपराधीलाई सम्बन्धित मुलुकमा कूटनीतिक पहलमार्फत कानुनी कारबाही गर्न सरकारसमक्ष माग गर्नुभयो।

सांसद रमा कोइराला पौडेलले विसं २०७० मा वैदेशिक रोजगारीका लागि मलेसिया गएका जुम्ला हिमा गाउँपालिकाका यामलाल परियारको मलेसियामा निधन भएको जनाउँदै उहाँको शवसँगै बीमालगायत सम्पूर्ण सुविधासहित स्वदेश ल्याउन पहल गरिदिन आग्रह गर्नुभयो।

सांसद रञ्जुकुमारी झाले मनसुनको सुरुआतमै देशले पूर्वका जिल्लामा ठूलो जनधनको क्षति भएको, मनसुनबाट हुनसक्ने क्षतिको पूर्वतयारीको अवस्थाबारे सदनलाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद राजेन्द्रकुमार राईले चार वर्षदेखि धनकुटाको पाख्रिबास मुगा-भोजपुर सडकखण्ड सुरु भएको र यो पटक बजेट कटौती भएको भन्दै तत्काल रूपमा बजेट व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद रामकृष्ण यादवले वर्षौंदेखि ठूलो समस्या रहेको नागरिकताको समस्या समाधान भएकामा सरकारलाई धन्यवाद दिनुभयो। धनुषालगायत तराईका जिल्लामा खाद्यान्नको मुख्य क्षेत्र भएकाले आवश्यक सिँचाइँको व्यवस्था मिलाउन माग गर्नुभयो। सांसद रोशन कार्कीले महिलाहरू दाइजो प्रथाको निहुँमा कहिलेसम्म मर्ने, शारीरिक र मानसिक यातना खेप्ने भनी प्रश्न गर्दै तत्काल गृहमन्त्रालयमा सहायता कक्ष खडा गरी दोषीमाथि कानुनी कारवाहीको व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुयो।

सांसद लीलानाथ श्रेष्ठले खेतीबालीको समयमा मलखादको व्यवस्था मिलाउन र सनसुन चलिरहेकाले सम्भावित विपद्‌जन्य जोखिम नियन्त्रणका लागि सबै संयन्त्रलाई तयारी राख्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद लेखनाथ दाहालले जमिनको वैज्ञानिक वर्गीकरणका लागि भू-उपयोग नीति बनो कि बनेन, कित्ताकाट किनबेच प्रक्रियामा अनियमितता भएको भनी सञ्चारमाध्यममा आएको भन्दै सम्बन्धित मन्त्रालयले छानविन गरी घटनामा दोषीलाई कारबाही गर्न माग गर्नुभयो।

सांसद मञ्जु अन्सारीले नागरिकता पाउन वञ्चित नागरिकलाई सहज रूपमा नागरिकता पाउने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसदहरू रामशङ्कर यादव, रामप्रकाश चौधरी, रुक्मणी राणा बराई लगायतले समसामयिक विषयमा धारणा राख्नुभएको थियो।

## लुम्बिनी प्रदेशमा दुई मन्त्रालयको नाम फेरियो

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ असार।**

लुम्बिनी प्रदेश सरकारले दुई मन्त्रालयको नाम फेरेको छ। बुधबार बसेको मन्त्रिपरिषद्‌को बैठकले प्रदेशमा रहेको आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालयको नाम परिवर्तन गरेर गृह मन्त्रालय बनाउने निर्णय गरेको छ।

त्यसैगरी आर्थिक मामिला मन्त्रालयको नाम परिवर्तन गरेर अर्थ मन्त्रालय बनाउने निर्णय भएको सरकारका प्रवक्ता तथा आन्तरिक मामिलामन्त्री सन्तोषकुमार पाण्डेले जानकारी दिए।

# ललिता निवासको १४३ रोपनी जग्गा नामसारी गरियो : सीआईबी

काठमाडौं, १३ असार (रासस)।

बालुवाटारस्थित ललिता निवासको १४३ रोपनी जग्गा विभिन्न चरणमा व्यक्तिका नाममा नामसारी गरेको पाइएको छ। प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बुधबार पत्रकार सम्मेलन गरी सो प्रकरणमा मङ्गलबार पक्राउ परेका चार जनालाई सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो।

सीआईबीले हिजो उक्त प्रकरणमा संलग्न भएको आरोपमा सात जनालाई पक्राउ गरेको थियो। यद्यपि तीन जनाले यसअघि नै अदालतबाट 'स्टे अर्डर' लिएको हुनाले प्रहरीले कागज गराएर छाडेको थियो। जसमा सुरेन्द्रमान कपाली, कलाधर देउजा र हुपेन्द्रमणि केसी छन्।

बुधवार सार्वजनिक हुनेमा काठमाडौं महानगरपालिका-६ का ६९ वर्षीय मीनबहादुर गुरुङ, काठमाडौं महानगरपालिका-७ रातोपुलका ८० वर्षीय धर्मप्रसाद गौतम, चन्द्रागिरि नगरपालिका-३ का ६० वर्षीय गोपाल कार्की र काठमाडौं महानगरपालिका-४ का ६८ वर्षीय सुधीर शाह छन्।

ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम तत्कालीन श्री ५ को सरकारले मुआब्जा दिई अधिग्रहण गरी नेपाल सरकार, समरजङ्ग कम्पनीका नाममा दर्ता रहेको ललिता निवासको जग्गा हिनामिना गरेको, सरकारी छाप दस्तखत कीर्ते मुद्दाको अनुसन्धानका क्रममा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो।

"राणा परिवारलाई जग्गा फिर्ता गरेको नाममा, नक्कली मोही खडा गरेर, गुठी खडा गरेर जग्गा हिनामिना गरेको पाइएको छ", उहाँले भन्नुभयो, "सरकारी जग्गामा मोही, गुठी कोही हुँदैन।"

ब्यूरोका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले लामो समयदेखि अनुसन्धान गरिरहेको ललिता निवास जग्गा प्रकरणको अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउने गरी काम गरिरहेको बताउनुभयो। सरकारी वकिल कार्यालयबाट फाइल फिर्ता आइसकेपछि अनुसन्धानमा ब्यूरोले ठूलो मेहनत गरेको उहाँको भनाइ छ।

## विश्व समाचार

### तीनवटा अष्ट्रेलियाली विश्वविद्यालय शीर्ष २० मा प्रवेश

क्यानबेरा, १३ असार (रासस/सिन्ह्वा)।

क्वाक्वेरेली साइमन्ड्स (क्यूएस) विश्व विश्वविद्यालयले र्याङ्किङमा बुधबार अष्ट्रेलियाका तीन विश्वविद्यालयले पहिलो पटक शीर्ष २० मा प्रवेश पाएका छन्। मेलबर्न विश्वविद्यालय १४औं स्थानमा परेको छ भने सिड्नी विश्वविद्यालय र न्यु साउथ वेल्स विश्वविद्यालय १९ औं स्थानमा छन्।

अष्ट्रेलिया विश्वविद्यालय की प्रमुख कार्यकारी क्याट्रिओना ज्याक्सनले-"आजका उत्कृष्ट नतिजाले अष्ट्रेलियाका विश्वविद्यालयलाई विश्वव्यापी शैक्षिक प्रतिस्पर्धामा अगाडि उभ्याएको," बताउनु भएको छ। उहाँका अनुसार र्याङ्किङ प्रणालीले रोजगारीको नतिजा, दिगोपन र अन्तराष्ट्रिय अनुसन्धान सहकार्यलाई नयाँ सूचकका रूपमा प्रस्तुत गर्नेछ।

### युक्रेनको क्रामाटोर्स्कमा रुसी मिसाइल प्रहार, बालकसहित चार जनाको मृत्यु

कीएभ, १३ असार (रासस/एएनआई)।

पूर्वी युक्रेनको क्रामाटोर्स्कको मध्यभागमा रुसी क्षेप्यास्त्र प्रहार हुँदा मङ्गलबार साँझ एकजना बालकसहित कचस्तीमा चार जनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन्।

डोनेट्स्क क्षेत्रका सैन्य प्रशासन प्रमुख पाभ्लो किरिलेन्कोका अनुसार आक्रमण साँझ करिब ७:३० बजे भएको थियो। "हामी अहिले शहरमा घाइते र मृतकको सङ्ख्या निर्धारण गर्न काम गरिरहेका छौं। यो शहरको केन्द्र हो। यी सर्वसाधारणको भीड हुने सार्वजनिकरूपमा खाने ठाउँ थियो," उनले भनेका छन्। अधिकारीलाई उद्धृत गर्दै सीएनएनले दोस्रो मिसाइल आक्रमण शहरको बाहिरी भागमा रहेको एउटा गाउँमा भएको बताएको छ।

युक्रेनका आन्तरिक मामिला मन्त्री इहोर क्लाइमेन्कोले टेलिग्राम टिप्पणीमा भनेका छन्, "रुसले जानाजानी भीडभाड भएका क्षेत्रलाई लक्षित गरेको छ।"

हड्ताल शुरु भएलगत्तै आकस्मिक सेवा घटनास्थलमा पुगेर घाइतेलाई सहयोग गरेका थिए। सन् २०२२ फेब्रुअरी, २४ मा शुरु भएको रुस-युक्रेन युद्धले धेरैको ज्यान लिइसकेको छ र अहिले पनि दुई राष्ट्रबीच युद्ध जारी छ।

### पचास प्रतिशत भन्दाबढी पाकिस्तानी गुणस्तरीय शिक्षाको लागि आशावादी

इस्लामाबाद, १३ असार (रासस/सिन्ह्वा)।

हालैको एक अध्ययनले ५० प्रतिशत भन्दाबढी पाकिस्तानीले युवाको हालको शिक्षाले उनीहरूलाई भविष्यमा एक आदर्श जागिर पाउन धेरै मद्दत गर्न सक्ने विश्वास गरेका छन्।

मङ्गलबार जारी गरिएको ग्यालप र गिलानी पाकिस्तानको राष्ट्रिय सर्वेक्षणमा देशभरका वयस्क पुरुष र महिलाको राष्ट्रिय प्रतिनिधि नमूनालाई प्रश्न सोधिएको थियो, "तपाईंको विचारमा, युवाहरूको वर्तमान शिक्षाले उनीहरूलाई आदर्श बनाउन कत्तिको मद्दत गर्न सक्छ ? भविष्यमा जागिरकस्तो मिल्न सक्छ ?"

यस्ता प्रश्नको जवाफमा सर्वेक्षणले ५३ प्रतिशतले गुणस्तरीय शिक्षाले मद्दत गर्ने बताएका छन्। यसैगरी २४ प्रतिशतले केही हदसम्म मद्दत गर्ने प्रतिक्रिया दिएका छन् जबकि १६ प्रतिशतले यसले कुनै पनि मद्दत नगर्ने धारणा राखेका छन् त्यस्तै ७ प्रतिशतले कुनै प्रतिक्रिया दिएनन्।

### एक महिनामा ७४ हजार भन्दा बढी अफगान आप्रवासी इरानबाट फर्किए

काबुल, १३ असार (रासस/एएनआई)।

गत महिना ७४ हजारभन्दा बढी अफगान आप्रवासी इरानबाट सिल्क रोड क्रसिङ पोइन्ट हुँदै स्वदेश फर्किएका छन्। पश्चिमी निमरोज प्रान्तको शरणार्थी र स्वदेश फिर्ता विभागका तालिवानका प्रान्तीय अधिकारीले सो जानकारी दिएको खामा प्रेसले जनाएको छ। निमरोज प्रान्तको शरणार्थी र स्वदेश फिर्ता प्रान्तका प्रान्तीय प्रमुख मौलावी अब्दुल्लाह रियाजले विगत दुई हप्तामा इरानबाट १,१०६ परिवार र ६९,२५९ व्यक्तिसहित कम्तिमा ७४,३६० व्यक्ति स्वदेश फर्किएको बताएका छन्।

आधिकारिक स्रोतका अनुसार गत दुई दिनमा तोर्खाम क्रसिङ प्वाइन्ट हुँदै पाकिस्तानबाट २३० अफगान परिवार फर्किएका छन्। इरान र पाकिस्तानबाट अफगान शरणार्थीको स्वदेश फिर्ती पछिल्लो समयमा असाधारणरूपमा बढेको छ जुन उत्पीडन, स्वेच्छाचारी नजरबन्द र आयोजक देशमा गैरकानुनी अफगान नागरिकलाई निर्वासनजस्ता विभिन्न कारकसँग जोडिएको छ।

अगस्ट २०२१ मा पूर्वअफगान सरकारको पतनपछि हजारौं कमजोर अवस्थामा रहेका अफगान परिवार तालिबानद्वारा मृत्युको धम्की र त्रासले छिमेकी देश इरान र पाकिस्तानमा सरेका थिए।

अफगान शरणार्थी स्वेच्छाचारी नजरबन्द, दुर्व्यवहार, कैद र जबर्जस्ती निर्वासनलगायतका कारण निर्वासनमा रहेका देशमा गम्भीर चुनौतीको सामना गरिरहेको पनि खामा प्रेसले उल्लेख गरेको छ।

# आज बकरिद पर्व

विराटनगर, १३ असार (रासस)।

इस्लाम धर्मावलम्बीहरूले मनाउने महान् चाड बकरिद (इद उल अजहा) बिहीबार मनाउदै छन्।

बकरिद पर्व रमजान अर्थात् इदुलफित्र पछिको दोस्रो ठूलो चाड हो। रमजान पर्वको ७०औँ दिनमा मनाउने यो पर्वमा आर्थिकरूपमा सबल मानिसहरू हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन्। यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानहरूले धर्मले जायज मानेका जनावरलाई बलि (कुर्बानी) दिने गर्दछन्।

धार्मिक मान्यताअनुसार अल्लाका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश पालना गर्न लाग्दा अल्लाह प्रसन्न भएर इस्माइलको कुर्बानीको सट्टा स्वर्ग (जन्नत) मा पालिएका दुम्बाको कुर्बानी गरिएकाले सोही बमोजिम अहिलेसम्म पशुको कुर्बानी दिने धार्मिक मान्यतालाई मुसलमानहरूले कायम राखेको पाइएको छ।

निःसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लासँग मन्नत ( दुवा) माग्दै भनेका थिए कि यदि अल्लाहले मलाई सन्तान सुख दियो भने म कुर्बानी गर्छु। सोही अनुरुप अल्लाहले निजको परीका लागि सपनामा कुर्बानी गर्न आदेश दिँदा उनले धेरै जनावरको कुर्बानी त गरे तर अल्लाह खुसी भएनन्। अन्तममा उनले आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई खुसी गराउन खोजे पछि उहाँको परीक्षामा सफल भएकाले कुर्बानी गर्ने स्थानमा मानिसको नभइ पालिएका दुम्बाको कुर्बानी दिइएको थियो।

कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ। एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को भाग आफ्ना इष्टमित्रलाई र अर्को एक भाग आफू खानुपर्ने धार्मिक मान्यता छ। भोलि पर्व मनाउनका लागि मुसलमान समुदायक तयारीमा जुटेका छन्।

गएको वर्षमा बकरिद पर्व असार २६ गते परेको थियो। इस्लाम धर्मअनुसार प्रत्येक वर्ष अरबी क्यालेन्डरअनुसार १०/१० दिन पछि सर्दै जाने भएकाले ३६ वर्षको अवधिमा सबै चाडपर्वले एक फन्को लगाइसक्छ। यस पटक नेपालबाट एक हजार चार सय ४४ जना हज गर्न साउदीको मक्का पुगेका छन्।

बकरिद पर्वका निम्ति गरिने कुरबानीका लागि खरिद गरिने जनावर पूर्ण रूपमा स्वस्थ हुनुपर्छ। जनावरको आँखा, कान, खुट्टा र सिङ टुटफुट हुनु नहुने र हेर्दा पनि आकर्षक हुनुपर्छ। बिना मोलमोलाई खरिद गरिने भएकाले कुर्बानीका लागि मानिसहरूले सके घरका सबै मानिसहरूको नाममा नभए घरको अभिभावकका नामबाट कुर्बानी गर्ने चलन छ। ठूलो जनावरमा (राँगा, भैँसी, ऊँटजस्ता जनावर) हलाल गरिन्छ त्यसमा सातजना मिलेर कुर्बानी गर्नुपर्छ भने साना जनावर जस्तै, खसी, बहिला बाख्रा, दुम्बा भने एकै जनाले कुर्बानी गर्नुपर्छ। कतिपय मानिसहरूले मृतात्मा( बुबा, हजुर बुबाआमा, पत्नी वा पति)को संझनामा कुर्बानी दिने गर्दछन्।

अरब देशमा बुधबार मनाइएको बकरिद नेपाल, भारत, पाकिस्तान, बङ्गलादेशमा बिहीबार मनाइने भएको छ। किनकि यी देशका नागरिकहरूले अरब देशको भन्दा एक दिन पछि चन्द्रमा हेर्न पाएका हुन्छ।

झापाको विर्तामोड निवासी स्मार्ट टेलर्सका सञ्चालक हाजी सहिदुल हकले यो पर्वले हामी मुसलमान समुदायमा उमङ्ग र उत्साह थपेको बताउनुभयो। उहाँले कुर्बानीका लागि खरिद गरिएको खसीको मोलाइ नगरेको जानकारी दिनुभयो। सुनसरी चाँदबेला निवासी सलाम मियाँले खसी र भैँसी दुवैलाई कुर्बानी दिने जनाउनुभयो।

विराटनगरको जनपथ निवासी करिया मियाँले यस वर्ष आफूले कुर्बानी गर्न नपाउँदा निकै दुःख लागेको तर आगामी कुर्बानी गर्ने दृढता व्यक्त गर्नुभयो। कुर्बानीका लागि अहिले बजारमा खसी, बाख्रा, भैँसी र राँगाको मूल्य पनि अकासिएको छ। इद उल अजहाको नमाज इदगाह वा मस्जिदमा सामूहिक रूपमा पढ्ने गरिन्छ।

## सबै स्थानीय...

मागेको थियो।

समिति सदस्य कमला पन्तले बोर्डलाई मासिक भुक्तानी दिन सुझाव दिनुभयो। सदस्य भुवनबहादुर सुनारले स्वास्थ्य बीमा झन्झटिलो बनेको भन्दै सेवा सरलीकृत गर्नमा जोड दिनुभयो। सदस्य तुलप्रसाद विश्वकर्माले कर्मचारीले बीमितप्रति गर्ने व्यवहार सुधार गर्न कर्मचारीका लागि परामर्शको व्यवस्था गर्न सुझाव दिनुभयो।

बोर्डका अनुसार स्वास्थ्य बीमा कार्यक्रम ७७ जिल्लाका सात सय ४९ स्थानीय तहमा विस्तार भएको छ। चार सय ५९ वटा सेवा प्रदायक स्वास्थ्य संस्था नवीकरण नहुँदा बीमित हुने र नवीकरण हुने दर घटेको हो।

चालु आवको वैशाख मसान्तसम्म २० लाख ९३ हजार एक सय ७० परिवारका ६७ लाख ६४ हजार ६ सय ४४ जना कार्यक्रममा भइ हालसम्म ४१ लाख १७ हजार सात सय आठ जनाले मात्रै नवीकरण गराएका छन्। स्वास्थ्य बीमा कार्यक्रम लागू भएदेखि अहिलेसम्म सेवा प्रदायक संस्थालाई रु ३१ अर्ब भुक्तानी भइसकेको छ।

# ललिता निवास प्रकरण : सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति

काठमाडौँ, १३ असार (रासस)।

ललिता निवास प्रकरणमा पक्राउ परेका चार जनालाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले अनुमति पाएको छ।

म्याद थपका लागि बुधबार काठमाडौँ जिल्ला अदालतमा पेश गरिएकामा अदालतले उनीहरूलाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो।

कीर्ते गरेर सरकारी जग्गा हिनामिना गरेको आरोपमा मङ्गलबार पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ, धर्मप्रसाद गौतम र गोपाल कार्कीलाई पक्राउ पक्राउ गरेको थियो।

सर्वोच्चबाट स्टेअडर ल्याएको पाइएपछि पक्राउ परेकामध्ये कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसीलाई मङ्गलबारनै प्रहरीले कागज गरेर छाडेको छ। विसं २०४९ देखि २०६९ सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेको थियो। सोही प्रकरणमा सिआइवीले अनुसन्धान गरिरहेको छ।

ललिता निवास प्रकरणमा यसअघि तीन सय जनालाई प्रतिवादी बनाएर ब्यूरोले जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो तर सरकारी वकीलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने जनाउँदै फाइल फिर्ता पठाएको ब्यूरोले पुन अनुसन्धान थालेको हो।

ब्यूरोका प्रमुख किरण बज्राचार्यले उक्त मुद्दाको अनुसन्धानमा ठूलो मेहनत परेको बताउनुभएको छ। उक्त घटनाको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दा अहिले विचाराधीन अवस्थामा रहेको छ।

## भुक्तानी नपाएपछि ...

समानुपातिक विज्ञापन प्रणाली लागु गर्न पटक-पटक छलफल गर्दा पनि पालिका र सरकारी कार्यालयहरुकै उदासिनताले लागु हुन नसक्दा अहिलेको स्थिती उत्पन्न भएको महासंघको निष्कर्ष रहेको भन्दै यसतर्फ पालिका प्रमुख(जनप्रतिनिधि), पालिकाका प्रमुख प्रशासकीय अधिकृत र अन्य सरकारी कार्यालयका प्रमुखहरुलाई निकट भविष्यमा यसतर्फ गम्भिर हुन सुझाएको छ।

# राष्ट्र ऋण उठाउने विधेयक स्वीकृत

काठमाडौँ, १३ असार (रासस)।

प्रतिनिधिसभाको बुधबारको बैठकले "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई स्वीकृत गरेको छ।

बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले प्रस्तुत गर्नुभएको उक्त प्रस्तावलाई बैठकको बहुमतले स्वीकृत गरेको हो।

त्यसअघि विधेयकको सैद्धान्तिक पक्षमाथिको छलफलमा सांसद डा स्वर्णिम वाग्ले, गोकर्ण विष्ट, प्रेम सुवाल, सुमना श्रेष्ठ, अशोककुमार चौधरी र अमृतलाल राजवंशीले बोल्नुभएको थियो।

छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा महतले अहिलेसम्म सीमाभित्रै रहेर ऋण लिइएको र ऋणको बोझ घटाउन सरकारले प्रयत्न गरिरहेको बताउनुभयो। उहाँले ऋण कति लिनेभन्दा पनि ऋणको कसरी प्रयोग गर्ने भन्ने विषयलाई सरकारले गम्भीरताका साथ लिएको पनि उल्लेख गर्नुभयो।

अर्थमन्त्री डा महतले दातृ निकाय बहुपक्षीय र त्रिपक्षीय ऋण कुन क्षेत्रमा कसरी प्रयोग हुन्छ भन्नेबारे यथेष्ट गृहकार्य गरेर मात्रै ऋण लिने सरकारको नीति रहेको स्मरण गराउनुभयो।

सहुलियतपूर्ण ब्याज सकेसम्म एक प्रतिशतभन्दा तलको ऋणलाई प्राथमिकता दिने गरेको उहाँले बताउनुभयो। "सीमाभित्रै रहेर ऋण लिएका छौँ, ऋणले कति जनसङ्ख्यालाई फाइदा पुग्नसक्छ सोही नीतिअनुरूप ऋण लिने गरेका छौँ", उहाँले भन्नुभयो।

त्यसरी लिएको ऋण बढीभन्दा बढी पूर्वाधार विकास ( पर्यटन, ऊर्जालगायत क्षेत्र) मा लगानी गर्ने गरी प्राथमिकीकरण गरिएको पनि उहाँले उल्लेख गर्नुभयो। प्रतिनिधिसभाको अर्को बैठक यही असार १७ गते आइतबार बिहान ११ बजे बस्नेछ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



चट्याङको समयमा सतर्क रहौं।
चट्याङबाट बच्ने उपाय:
- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*